एकद्वार सङ्कट व्यवस्थापन केन्द्र सुदृढीकरण
राष्ट्रिय कार्ययोजना

(२०८२/८३ – २०८६/८७)

नेपाल सरकार

स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय

रामशाहपथ, काठमाडौं

२०८२

विषय-सूचि

१. पृष्ठभूमि १

२. वर्तमान अवस्था २

३. एकद्वार सङ्कट व्यवस्थापन केन्द्रको महत्त्व ३

४. केन्द्रले भोग्नुपरेका समस्या र चुनौतीहरू ३

४१. समस्याहरू ४

४२. चुनौतीहरू ४

५. प्रथम राष्ट्रिय सम्मेलनका प्रतिबद्धताहरू ५

७. राष्ट्रिय कार्ययोजनाको उद्देश्य ७

८. राष्ट्रिय कार्ययोजना ७

९. कार्यान्वयन गर्ने निकायहरूको भूमिका तथा जिम्मेवारी २८

९.१ जिम्मेवार निकायको भूमिका २८

९.२ सहयोगी निकायको भूमिका २८

१०. जोखिम पक्ष २९

११. अनुगमन तथा मूल्याङ्कन व्यवस्था २९

१११. नियमित अनुगमन २९

११२. आवधिक समीक्षा ३०

१२. अवधि ३०

अनुसूची ३१

१. पृष्ठभूमि

नेपालको संविधानले महिलालगायत बञ्चितीमा परेका व्यक्तिहरूको स्वास्थ्यसम्बन्धी अधिकार, उनीहरूमाथि हुने यौनजन्य दुर्व्यवहार, विभेद, हिंसाबाट संरक्षण, न्याय तथा स्वास्थ्य सेवामा समान पहुँच र प्राथमिकता दिन मार्गनिर्देश गर्दै शासकीय प्रबन्धका तीनै तहका सरकारका स्वास्थ्यसम्बन्धी एकल तथा साझा अधिकारको व्यवस्था गरेको छ। नेपालको संविधानले महिलाविरुद्ध कुनै पनि किसिमको हिंसाजन्य कार्य वा शोषण हुन नदिने कुरालाई महिलाको मौलिक हकअन्तर्गत व्यवस्था गरेको छ। संविधानमा महिलाविरुद्ध धार्मिक, सामाजिक, सांस्कृतिक परम्परा, प्रचलन वा अन्य कुनै आधारमा शारीरिक, मानसिक, यौनजन्य, मनोवैज्ञानिक वा अन्य कुनै किसिमको हिंसाजन्य कार्य वा शोषण गर्न नपाउने, यदि त्यस्तो कार्य भएमा कानुनबमोजिम दण्डनीय हुने एवम् पीडितले क्षतिपूर्ति पाउने व्यवस्था उल्लेख छ। संविधानले तीनै तहका सरकारलाई सबै नागरिकलाई समावेशी रूपमा सार्वजनिक सेवा उपलब्ध गराउन नैतिक एवम् कानुनी रूपले जवाफदेही बनाएको छ। साथै, नेपालले दिगो विकास लक्ष्य (२०३०) मा उल्लिखित महिला किशोरी र बालिकाविरुद्ध हुने सबै प्रकारका भेदभाव एवम् हिंसाको अन्त्य गर्न, महिलाविरुद्धका सबै प्रकारका भेदभावको उन्मूलन गर्ने राष्ट्रसङ्घीय महासन्धि (१९७९) र बेइजिंग कार्ययोजना (१९९५) अनुमोदन गरी कार्यान्वयन गरिरहेको छ। स्वास्थ्य क्षेत्रको लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण रणनीति (२०८०) ले लैङ्गिक हिंसा पीडित तथा प्रभावितका स्वास्थ्य उपचार लगायत अन्य आवश्यकताहरू उपलब्ध गराउनका लागि एकद्वार सङ्कट व्यवस्थापन केन्द्रको सेवा विस्तार गर्ने रणनीति लिएको छ। नेपाल सरकारले लैङ्गिक हिंसा सम्बन्धी समस्याहरूको एकीकृत र प्रभावकारी रूपमा सम्बोधन गर्न लैङ्गिक हिंसाविरुद्धको राष्ट्रिय कार्ययोजना, २०१० जारी गर्‍यो। यस कार्ययोजनाको उद्देश्यको बुँदा नं. ३ र लैङ्गिक हिंसा अन्त्य तथा लैङ्गिक सशक्तीकरणसम्बन्धी राष्ट्रिय रणनीति तथा कार्ययोजना, २०६९ को रणनीति नं. ८ मा उल्लेख भएबमोजिम स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय मुख्य कार्यान्वयन निकायको रूपमा रहने गरी आ.व. २०६९/७० देखि देशका विभिन्न ७ वटा अस्पतालहरूमा एकद्वार सङ्कट व्यवस्थापन केन्द्र परिक्षणको रुपमा संचालन गरिएको थियो। प्रत्येक बर्ष केन्द्रको संख्या विस्तार गर्दै आ.व. २०८१/२०८२ सम्ममा ७७ जिल्लाका ९२ वटा अस्पतालहरू (जिल्ला, सामुदायिक, प्रादेशिक, सङ्घीय र स्वास्थ्य विज्ञान प्रतिष्ठानहरू) मा यी केन्द्रहरूबाट हिंसा पीडित तथा प्रभावितहरूलाई विभिन्न सेवाहरू प्रदान गर्दै आएको छ। नेपाल सरकारका लैङ्गिक हिंसाविरुद्धसँग सम्बन्धित विभिन्न कार्यक्रमहरूमध्ये यो प्रमुख कार्यक्रम रहेको छ। स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले रातो किताब (Red book) मार्फत सशर्त अनुदानको रूपमा यी केन्द्रहरू सञ्चालनका लागि आवश्यक रकम परिचालन हुने गरेको छ।

एकद्वार सङ्कट व्यवस्थापन केन्द्रबाट बिनाभेदभाव सबै हिंसा पीडित वा प्रभावितलाई स्वास्थ्य सेवा, मनोसामाजिक परामर्श, चिकित्साजन्य कानुनी सेवा, कानुनी उपचार, सुरक्षा, सुरक्षित आवास, पुनर्स्थापना तथा अन्य आवश्यक परामर्श सेवा एकद्वार प्रणालीमार्फत बहुपक्षीय संयोजनद्वारा पूर्ण रूपमा निःशुल्क प्रदान गरिने व्यवस्था मिलाई लैङ्गिक हिंसा नियन्त्रणमा योगदान पुर्‍याउने उद्देश्य रहेको छ । एकद्वार सङ्कट व्यवस्थापन केन्द्रको सङ्गठनात्मक व्यवस्थामा सङ्घीय तहदेखि स्थानीय तहसम्मलाई जावाफदेही बनाइएको छ। सङ्घ तहमा लैङ्गिक हिंसा व्यवस्थापन समन्वय समिति, जिल्ला (स्थानीय तह) मा लैङ्गिक हिंसा व्यवस्थापन सल्लाहकार समिति तथा लैङ्गिक हिंसा व्यवस्थापन समन्वय समिति र अस्पतालमा मामिला व्यवस्थापन समिति रहेका छन्। अस्पतालले एकद्वार सङ्कट व्यवस्थापन केन्द्र (OCMC) को सचिवालयको रूपमा रही सो केन्द्र सञ्चालनमा प्रमुख भूमिका निभाउँदै आएको छ।

नेपाल सरकार, स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयको आयोजनामा तीनै तहका सरकार, आयोगहरू तथा अन्य सरोकारवाला सरकारी एवम् गैर-सरकारी निकायका प्रतिनिधिहरूको सहभागितामा मिति २०८१ कार्तिक २९ र ३० गते काठमाडौंमा सम्पन्न एकद्वार सङ्कट व्यवस्थापन केन्द्रको प्रथम राष्ट्रिय सम्मेलनले अनुमोदन गरेका प्रतिबद्धताहरूलाई कार्यान्वयनमा लैजान "एकद्वार सङ्कट व्यवस्थापन केन्द्र सुदृढीकरण राष्ट्रिय कार्ययोजना" निर्माण गरी लैङ्गिक हिंसा पीडित तथा प्रभावितहरूलाई एकद्वार प्रणालीमार्फत स्वास्थ्य उपचार लगायत अन्य आबश्यक सेवाहरू उपलब्ध गराउन वान्छनीय भएकोले जनस्वास्थ्य सेवा ऐन, २०७५ को दफा ६४ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकार, स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले यो कार्ययोजना जारी गरेको छ।

२. वर्तमान अवस्था

लैङ्गिक हिंसा न्यूनीकरणका लागि सरकारले दशकौं अघिदेखि नियम, कानुन निर्माण गर्नुका साथै अन्तर्राष्ट्रिय सन्धि, महासन्धिहरूलाई अनुमोदन गरेको छ र यो विषयलाई पूर्ण प्राथमिकताका साथ अगाडि बढाएको छ। तथापि, समाजमा लैङ्गिक हिंसा अदृश्य र अझ जटिल रूपमा बढ्दै गएको विभिन्न अनुसन्धान, अध्ययन तथा सर्वेक्षणहरूबाट प्राप्त तथ्याङ्कहरूले पुष्टि गरेका छन्। नेपाल जनसाङ्ख्यिक स्वास्थ्य सर्वेक्षण, २०२२ का अनुसार महिलाले आफ्नो जीवनको कालखण्डमा विभिन्न किसिमका हिंसाहरू भोगेको देखिन्छ। जसमा, शारीरिक हिंसा २३.१%, यौनिक हिंसा ७.३०%, मानसिक हिंसा १३.४% तथा गर्भावस्थामा हिंसा ५.९% रहेको छ। तीमध्ये २२% पीडितले सहयोग लिन तत्परता देखाएका वा लिएका थिए भने, बाँकी ७८% पीडितले हिंसाबारे कसैलाई भनेका थिएनन्। त्यसैगरी, नेपाल प्रहरीको प्रतिवेदनअनुसार हिंसाका मुद्धाहरू वृद्धि भएका छन्। जसमध्ये, यौनजन्य अपराधका घटनाहरू हरेक वर्ष बढ्दै गएको देखिएको छ।

आर्थिक वर्ष २०६९/७० देखि चालू आर्थिक वर्षसम्म ९२ वटा केन्द्र सञ्चालनमा रहेका छन्। ७९ वटा केन्द्रबाट प्राप्त तथ्याङ्कका आधारमा आ.व. २०८०/८१ मा ११,०३९ जना हिंसा पीडितले

केन्द्रबाट सेवा लिएका थिए। उमेरका आधारमा हिंसा पीडितको विश्लेषण गर्दा १० वर्षमुनि उमेरका ३.७%, १० देखि १८ वर्ष उमेरका २७%, १९ देखि ४९ वर्षसम्मका ६१.४%, ५० वर्षभन्दा माथि उमेरका ७.९% रहेका थिए। हिंसाको प्रकृतिका आधारमा विश्लेषण गर्दा बलात्कार १८.३%; यौनजन्य दुर्व्यवहार १३%; शारीरिक दुर्व्यवहार ३०%; स्रोत र अधिकारबाट वञ्चित ९.४%; मानसिक दुर्व्यवहार २३.१%; बालविवाह ५% रहेका थिए। हिंसा हुनुका धेरै कारणहरूमध्ये मुख्य रूपमा घरेलु हिंसा ४७.८%; सामाजिक विभेद ५.३%; बहुबिबाह १.९%; बालश्रम १.८%; छोराको चाहना १%; मानव बेचविखन १%; दाइजो ०.९ %, र अन्य ३९.८% रहेका थिए। हिंसा पीडितमध्ये अपाङ्गता भएका ३.४% लाई हिंसा भएको थियो, जसमध्ये मानसिक अपाङ्गता भएका ३६.४% र शारिरीक अपाङ्गता भएका २५% व्यक्ति हिंसामा परेका थिए। तथ्याङ्कका आधारमा हेर्दा सबै जातजातिमा हिंसा भएको पाइएको थियो। हिंसा भएका मध्ये दलितमा २४.२%; जनजातिमा २७.२%; बाहुन-क्षेत्रीमा २६.७%; मधेशीमा १४.२% र मुस्लिममा ४.७% रहेका थिए।

३. एकद्वार सङ्कट व्यवस्थापन केन्द्रको महत्त्व

३.१ लैङ्गिक हिंसा पीडितहरूका सबै आवश्यकताहरूलाई सम्बोधन गर्ने।

३.२लैङ्गिक हिंसा पीडितहरूलाई बहुपक्षीय संयोजनद्वारा एकद्वारमार्फत् सबै सेवाहरू उपलब्ध गराउने।

३.३ फरक भूमिका र साझा जिम्मेवारीका कारण अपनत्वपूर्ण ढङ्गले कार्यान्वयन हुने हुँदा समस्या समाधानमा दिगोपना रहने।

३.४ लैङ्गिक हिंसा रोकथाम, प्रतिकार्य र पुनर्स्थापनाका क्षेत्रमा क्रियाशील एवम् जिम्मेवार भूमिका खेल्ने।

३.५ दुर्गम क्षेत्रलगायत सेवाबाट बञ्चित हुन सक्ने वर्गलाई केन्द्रमा राखेर सेवाप्रवाह हुने।

३.६ लैङ्गिक हिंसा न्यूनीकरणमा महत्वपूर्ण योगदान दिई न्यायपूर्ण समाजको निर्माण हुने।

४. केन्द्रले भोग्नुपरेका समस्या र चुनौतीहरू

एकद्वार सङ्कट व्यवस्थापन केन्द्रबाट लैङ्गिक हिंसा पीडितहरूलाई एकीकृत रूपमा सुरक्षा, स्वास्थ्य उपचार, चिकित्साजन्य कानुनी सेवा, मनोसामाजिक परामर्श, कानुनी सेवा, अल्पकालीन आश्रय, पुनर्स्थापना

तथा संरक्षकत्व प्रदान गर्ने क्रममा केन्द्रले विभिन्न समस्या तथा चुनौतीहरुको सामना गर्नु परेको छ। त्यस्ता समस्या र चुनौतीहरू निम्नबमोजिम रहेका छन् :

४.१ समस्याहरू

४.१.१ लैङ्गिक हिंसा पीडितहरूलाई आवश्यक सेवाहरू उपलब्ध गराउन भौतिक पूर्वाधारको व्यवस्था गर्न, जीविकोपार्जन तथा आयआर्जनमा सहयोग गरी आत्मनिर्भर बनाउनका लागि आर्थिक स्रोतसाधनको कमी हुनु।

४.१.२ लैङ्गिक हिंसा पीडित व्यक्तिहरूलाई चिकित्साजन्य कानुनी सेवा (फरेन्सिक) र मनोसामाजिक परामर्श सेवा प्रदान गर्ने स्वास्थ्यकर्मीको कमी हुनु।

४.१.३ अस्पतालमा एकद्वार सङ्कट व्यवस्थापन केन्द्रका लागि आबश्यक कर्मचारीको दरवन्दी नहुनु।

४.१.४ धेरैजसो समुदाय र सम्भावित जोखिममा रहेका व्यक्तिहरू एकद्वार सङ्कट व्यवस्थापन केन्द्रले प्रदान गर्ने सेवाका बारेमा अनभिज्ञ रहनु।

४.१.५ अधिकांश स्थानीय तहहरू एकद्वार सङ्कट व्यवस्थापन केन्द्रको अवधारणाबारे जानकारी नभएको र केन्द्रको सुदृढीकरणका लागि खेल्नुपर्ने भूमिका तथा जिम्मेवारीप्रति स्पष्ट नहुनु।

४.१.६ लैङ्गिक हिंसाका घटना देशव्यापी भए तापनि एकद्वार संकट केन्द्रको उपस्थिति सीमित स्थानमा मात्र हुनु।

४.१.७ गम्भीर मानसिक स्वास्थ्य समस्या भएका र अपाङ्गता भएका हिंसा पीडित महिला तथा बालबालिकाहरूलाई स्वास्थ्य उपचार सेवा उपलब्ध गराउन मनोचिकित्सक र क्लिनीकल मनोविद्को व्यवस्था गर्न नसक्नु।

४.२ चुनौतीहरू

४.२.१ सम्बन्धित निकायबाट बेवारिसे, अपाङ्गता भएका र मानसिक स्वास्थ्य समस्या भएका हिंसा पीडितहरूलाई राख्ने पुनर्स्थापना केन्द्रको स्थापना तथा सन्चालन नभएकाले सबैलाई सेवामा समेट्नु ।

४.२.२ लैङ्गिक हिंसा पीडित तथा प्रभावितहरूलाई सुरक्षित आवास सेवा उपलब्ध गराउनु ।

४.२.४ तिनै तहका सरकारका सम्बन्धित निकायहरू र कर्मचारीहरूको एकद्वार सङ्कट व्यवस्थापन केन्द्रप्रति पूर्ण स्वामित्वबोध तथा लैङ्गिक हिंसा ब्यबस्थापनमा जवाफदेहि बनाउनु।

४.२.५ लैङ्गिक हिंसा पीडितहरूलाई एकीकृत रूपमा आवश्यक सेवाहरू उपलब्ध गराउन तीनै तहका सरकारहरू र सम्बन्धित निकायहरूबीच प्रभावकारी समन्वय र साझेदारी अभिबृद्धि गर्नु।

६.२.७ हिंसा पीडितहरूलाई समयबद्ध (time bound) न्याय उपलब्ध गराउनु।

५. प्रथम राष्ट्रिय सम्मेलनका प्रतिबद्धताहरू

नेपाल सरकार, स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयको आयोजनामा तीनै तहका सरकार, आयोगहरू तथा अन्य सरोकारवाला सरकारी एवम् गैर-सरकारी निकायका प्रतिनिधिहरूको सहभागितामा मिति २०८१ कार्तिक २९ र ३० गते काठमाडौंमा सम्पन्न "एकद्वार सङ्कट व्यवस्थापन केन्द्रको प्रथम राष्ट्रिय सम्मेलन" बाट वृहत छलफल गरी देशभर सञ्चालन भएका एकद्वार सङ्कट व्यवस्थापन केन्द्रहरूलाई थप सुदृढीकरण गर्न तीनै तहका सरकार तथा अन्य सरोकारवाला निकायहरूबीच समन्वय एवम् साझेदारीमा निम्नबमोजिमका मुख्य विषयहरू कार्यान्वयन गर्ने प्रतिबद्धता प्रकट गर्दै सम्मेलन सम्पन्न भयो। सम्मेलनले जारी गरेको प्रतिबद्धताहरु देहायअनुसार रहेका छन्:

१. सबै प्रकारका लैङ्गिक हिंसा एवम् विभेदको रोकथाम तथा हिंसाबाट पीडित/प्रभावितहरूलाई एकद्वारबाट गुणस्तरीय, सहज पहुँचयुक्त, निःशुल्क र समावेशी सेवाको सुनिश्चितता गर्ने।

२. लैङ्गिक हिंसाबाट पीडित/प्रभावितहरूको उद्धार, राहत, पुनर्स्थापना, सामाजिक पुनर्मिलन तथा सशक्तीकरणका लागि तीनै तहका सरकार र विकास साझेदार संस्था, गैर-सरकारी संस्था तथा अन्य सरोकारवालाहरूबीचको समन्वय, सहकार्य र सहभागितालाई थप सुदृढ गर्ने।

३. लैङ्गिक हिंसा रोकथाम र व्यवस्थापनका लागि हिंसा प्रभावित, जोखिममा रहेका र सम्पूर्ण नागरिकहरूलाई एकद्वार सङ्कट व्यवस्थापन केन्द्रद्वारा प्रदान गरिने सेवाको बारेमा जानकारीसहित समुदायमा लैङ्गिक हिंसाविरुद्ध सचेतनामूलक कार्यक्रमबाट सामाजिक व्यवहार परिवर्तन गर्ने।

४. लैङ्गिक हिंसा पीडित/प्रभावितहरूलाई क्षतिपूर्तिसहितको न्यायमा सहज पहुँच र आवश्यक सुरक्षाको व्यवस्था गर्न समन्वय एवम् सहजीकरण गर्ने।

५. एकद्वार सङ्कट व्यवस्थापन केन्द्रद्वारा प्रदान गरिने सेवाको गुणस्तरीयता, प्रभावकारिता, पहुँच एवम् विश्वसनीयता अभिवृद्धि गर्न आवश्यक संरचना, जनशक्ति, वित्तीय स्रोत साधन र पूर्वाधारको सुनिश्चितता गर्ने।

६. एकद्वार सङ्कट व्यवस्थापन केन्द्रको कार्यक्षमता सुदृढीकरणका लागि सबै जिल्लाहरूमा सुरक्षित आवास गृह र प्रदेश तहमा समावेशी पुनर्स्थापना केन्द्रको स्थापना र सञ्चालन गर्ने।

७. लैङ्गिक हिंसाको अवस्था एवम् पीडितको व्यवस्थापन सम्बन्धमा आवश्यक अध्ययन र तथ्याङ्कको विश्लेषण गरी योजना तथा कार्यक्रम निर्माण तथा सञ्चालन गर्ने।

८. लैङ्गिक हिंसा पीडितहरूको उद्धार, राहत तथा पुनर्स्थापनासहितको एकीकृत सेवा प्रदान गर्न समुदायस्तरदेखि सबै स्थानीय, जिल्ला, प्रदेश र सङ्घीय तहसम्म आवश्यक प्रेषण प्रणाली विकास गरी कार्यान्वयनमा ल्याउने।

९. लैङ्गिक हिंसा पीडित/प्रभावितहरूको जीविकोपार्जन, पुनर्स्थापना तथा सम्मानजनक जीवनयापन सुनिश्चितताका लागि सबै स्थानीय तहको योगदानबाट सञ्चालन हुने गरी सबै जिल्लाहरूमा "जिल्लास्तरीय लैङ्गिक हिंसा निवारण कोष" को प्रभावकारी परिचालन गर्न समन्वय एवम् सहजीकरण गर्ने।

१०. अपाङ्गता भएका, यौनिक अल्पसंख्यक, एच.आई.भी. सङ्क्रमित र अन्य जोखिममा रहेका समुदायका हिंसा पीडित/प्रभावित व्यक्तिहरूको सेवामा पहुँच सुनिश्चित गर्न आवश्यक पूर्वाधार एवम् मानवीय स्रोतको व्यवस्था गर्ने।

६. राष्ट्रिय कार्ययोजनाको आवश्यकता र औचित्य

लैङ्गिक हिंसा रोकथाम र हिंसा पीडितहरूको आवश्यकतालाई यथाशक्य सम्बोधन गरी उनीहरूको सम्मानजनक जीवनयापनको व्यवस्था गर्न एकद्वार सङ्कट व्यवस्थापन केन्द्रले केही हदसम्म योगदान पुऱ्याएको देखिए तापनि विशेषगरी लैङ्गिक हिंसा रोकथाम, सेवाग्राहीलाई एकद्वारबाट सेवाप्रवाह एवम् हिंसा पीडितको पुनर्स्थापनाका क्षेत्रमा धेरै नै काम गर्नुपर्ने टड्कारो आवश्यकता महसुस गरी यो राष्ट्रिय कार्ययोजना निर्माण गरिएको छ । यस कार्यका लागि तीनै तहका सरकारहरूबीच समन्वय एवम् सहकार्यको आवश्यकता छ । लैगिक विभेद र हिंसाको अन्त्य गर्नका लागि योगदान पुऱ्याउन एकद्वार सङ्कट व्यवस्थापन केन्द्र सुदृढीकरण राष्ट्रिय कार्ययोजनाको अपरिहार्यता देहायबमोजिम रहेका छन्:

१. नेपालको संविधानमा उल्लिखित नागरिकको स्वास्थ्य एवम महिलाको हकको प्रत्याभूति एवम् लैङ्गिक विभेद र लैङ्गिक हिंसा अन्त्य गर्न अन्तर्राष्ट्रिय महासन्धिअनुरुप राज्यको दायित्व पूरा गर्न।

२. नेपालले प्रतिबद्धता जनाएको दिगो विकास लक्ष्य, २०३० विशेष गरी लक्ष्य नं. ५ र १६ हासिल गर्नलाई योगदान पुऱ्याउन ।

३. स्वास्थ्य क्षेत्रको लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण रणनीति, २०८० को व्यवस्थालाई वडास्तरसम्म प्रभावकारीरुपमा कार्यान्वयन गर्न।

४. जनस्वास्थ्य सेवा ऐन, २०७५ को दफा ४७ मा व्यवस्था गरिएको महिला तथा बालबालिकाको विशेष सामाजिक, स्वास्थ्य र सुरक्षा प्रावधानलाई कार्यान्वयनमा लैजान सहयोग गर्न।

५. सोह्रौं राष्ट्रिय योजनाले अपेक्षा गरेअनुरूप लैङ्गिक सशक्तीकरण, लैङ्गिक विभेद एवम् हिंसाको अन्त्य र हिंसा पीडितहरूलाई आवश्यक सेवा सुविधा उपलब्ध गराइ उनीहरूको दिगो व्यवस्थापनमा योगदान पुऱ्याउन।

६. स्वास्थ्यसँग संवेदनशील लैङ्गिकतामा आधारित सबै प्रकारका विभेद र हिंसाको अन्त्य गर्न।

७. राष्ट्रिय कार्ययोजनाको उद्देश्य

१. लैङ्गिक भेदभाव र हिंसा अन्त्य गर्न हालसम्म प्राप्त गरेका उपलब्धिहरूको जगेर्ना गर्दै विद्यमान लैङ्गिक विभेद, असमानता र हिंसा न्यूनीकरण गर्न कार्ययोजना तयार गरी कार्यान्वयनमा ल्याउने।

२. लैङ्गिक विभेद र हिंसा अन्त्य गर्न तीनै तहका सरकार र सम्बन्धित सरोकारवाला निकायहरूबीचको समन्वय र सहकार्यलाई प्रवर्द्धन गर्न।

३. तीनै तहका सबै सरोकारवालाहरुलाई आआफ्नो कार्यक्षेत्रमा जिम्मेवार र जवाफदेही बनाउन।

८. राष्ट्रिय कार्ययोजना

विद्यमान समस्या तथा चुनौतीहरूको सामना गर्न हालसम्म प्राप्त उपलब्धिहरूको जगमा बसेर लैङ्गिक हिंसा रोकथाम, पीडितहरूलाई एकद्वारबाट सेवा प्रवाह र पुनर्स्थापना गर्ने उद्देश्यका लागि गर्नुपर्ने मुख्य कार्यहरू समेटेर एकद्वार सङ्कट व्यवस्थापन केन्द्रको राष्ट्रिय कार्ययोजना निर्माण गरिएको छ। यस कार्ययोजनामा तीनै तहका सरकारहरू तथा सम्बन्धित सरोकारवाला निकायहरूको भूमिका तथा जिम्मेवारीका बारेमा एकीकृत तथा व्यवहारिक कार्यक्रमहरू प्रस्तुत गरिएको छ।

एकद्वार सङ्कट व्यवस्थापन केन्द्र सुदृढीकरण राष्ट्रिय कार्ययोजना

आ.व. २०८२/८३ – २०८६/८७

क्र.सं.	क्रियाकलाप	जिम्मेवार निकाय	सहयोगी निकाय	समयावधि	सूचक/नतिजा	अनुगमन गर्ने निकाय	जोखिम पक्ष
१.	प्रतिबद्धता नं. १: सबै प्रकारका लैङ्गिक हिंसा एवम् विभेदको रोकथाम तथा हिंसाबाट पीडित/प्रभावितहरूलाई एकद्वारबाट गुणस्तरीय, सहज पहुँचयुक्त, निःशुल्क र समावेशी सेवाको सुनिश्चितता गर्ने ।						
१.१	तीनै तहका सरकार एवम् सम्बद्ध निकायहरूलाई राष्ट्रिय कार्ययोजनाको बारेमा औपचारिक रूपमा जानकारी गराउने ।	स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय	सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय	२०८२ असार मसान्त	सङ्घ, प्रदेश, सबै स्थानीय तह र सम्बन्धित निकायहरूलाई जानकारी भएको हुने।	स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय	समन्वय सहजीकरण
१.२	अस्पतालमा आधारित एकद्वार सङ्कट व्यवस्थापन केन्द्र र स्वास्थ्य संस्थाहरूमार्फत हिंसा पीडित/प्रभावितहरूका लागि निःशुल्क रूपमा लैङ्गिक हिंसा सम्बन्धी क्लिनीकल प्रोटोकलबमोजिम स्वास्थ्य सेवा उपलब्ध गराउने ।	स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय	प्रदेशको स्वास्थ्य क्षेत्र हेर्ने मन्त्रालय, अस्पतालहरू, एकद्वार सङ्कट व्यवस्थापन केन्द्र	निरन्तर	सबै हिंसा पीडित/प्रभावित व्यक्तिहरूले क्लिनीकल प्रोटोकलवमोजिम निःशुल्क सेवा भएको हुने ।	जनसङ्ख्या व्यवस्थापन महाशाखा, नर्सिंग तथा सामाजिक सुरक्षा महाशाखा, प्रदेशको स्वास्थ्य क्षेत्र हेर्ने मन्त्रालय	मानवीय तथा वित्तीय स्रोतको कमी ।

क्र.सं.	क्रियाकलाप	जिम्मेवार निकाय	सहयोगी निकाय	समयावधि	सूचक/नतिजा	अनुगमन गर्ने निकाय	जोखिम पक्ष
१.३	अस्पतालहरूको सङ्गठन तथा व्यवस्थापन (O&M) सर्वेक्षणमा एकद्वार सङ्कट व्यवस्थापन केन्द्रको संरचना र जनशक्तिको व्यवस्था गर्ने।	स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय	सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, प्रदेश सरकार, स्थानीय तह, अस्पतालहरू	आ.व. २०८२/८३	केन्द्र[1]को संरचना र आवश्यक दरबन्दी स्वीकृत भएको हुने।	नीति, योजना तथा अनुगमन महाशाखा, स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय	अस्पतालहरूको संगठन तथा व्यवस्थापन सर्भेक्षण गर्ने निर्णय र सोको स्वीकृत हुन लाग्ने समय।
१.४	लैङ्गिक हिंसासम्बन्धी क्लिनीकल प्रोटोकलको कार्यान्वयनका लागि सेवाप्रदायकको क्षमता अभिवृद्धि गर्ने।	स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय	प्रदेशस्तरको स्वास्थ्य क्षेत्र हेर्ने मन्त्रालय, स्थानीय तह, अस्पतालहरू	निरन्तर	लैङ्गिक हिंसा सम्बन्धी क्लिनीकल प्रोटोकलमा तालिम प्राप्त सेवाप्रदायकको सङ्ख्यामा बृद्धि भएको हुने।	राष्ट्रिय स्वास्थ्य तालिम केन्द्र, प्रदेश स्वास्थ्य तालिम केन्द्र	
१.५	स्वास्थ्य क्षेत्रको कार्यस्थलमा हुने यौनजन्य दुर्व्यवहार, लैङ्गिकतामा आधारित हिंसा अन्त्यका लागि आचार-संहिता	स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय	प्रदेशको स्वास्थ्य क्षेत्र हेर्ने मन्त्रालय, सबै स्थानीय तह अस्पताल, सुरक्षित	आ.व. २०८२/८३	लैङ्गिकतामा आधारित हिंसा अन्त्यका लागि आचार-संहिता निर्माण भएको हुने।	जनसङ्ख्या व्यवस्थापन महाशाखा	

[1] "केन्द्र" भन्नाले यस दस्तावेजमा "एकद्वार सङ्कट व्यवस्थापन केन्द्र" लाई सम्झनुपर्दछ।

क्र.सं.	क्रियाकलाप	जिम्मेवार निकाय	सहयोगी निकाय	समयावधि	सूचक/नतिजा	अनुगमन गर्ने निकाय	जोखिम पक्ष
	निर्माण गरी कार्यान्वयन गर्ने।		आवास गृह तथा पुनर्स्थापना केन्द्र				
१.६	एकद्वार सङ्कट व्यवस्थापन केन्द्रको सूचना व्यवस्थापन तथा प्रतिवेदन प्रणाली सुदृढीकरण एवम् सो केन्द्रका कर्मचारीहरूको सूचना व्यवस्थापन क्षमता अभिवृद्धि गर्ने।	स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय	प्रदेश तहको स्वास्थ्य क्षेत्र हेर्ने मन्त्रालय, सम्बन्धित अस्पतालहरू	आ.व. २०८२/८३	सूचना व्यवस्थापन तथा प्रतिवेदन प्रणाली सुदृढ भई तालिमप्राप्त व्यक्तिहरूको सङ्ख्यामा अभिबृद्धि भएको हुने।	स्वास्थ्य व्यावस्थापन महाशाखा, स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय	
१.७	एकद्वार सङ्कट व्यवस्थापन केन्द्रसँग सम्वद्ध सेवा प्रवाह गर्ने सरोकारवाला निकायका कर्मचारीहरूको क्षमता अभिवृद्धि गर्ने ।	स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय	प्रदेश तहको स्वास्थ्य क्षेत्र हेर्ने मन्त्रालय, सम्बन्धित अस्पतालहरू	आ.व.२०८२ /८३ देखि निरन्तर	तालिमप्राप्त सरोकारवाला निकायका कर्मचारीको क्षमता बृद्धि भएको हुने।	जनसङ्ख्या व्यवस्थापन महाशाखा, नरसिंग तथा सामाजिक सुरक्षा महाशाखा	
१.८	दुर्गम एवम् बिकट भौगोलिक क्षेत्रका लैङ्गिक हिंसा पीडितहरूलाई दूर स्वास्थ्य सेवा एवम् अनलाइन परामर्श सेवा प्रदान गर्ने ।	सबै अस्पतालहरू	सबै स्थानीय तह, सामुदायिक संस्था/समूह	आ.व. २०८२/८३ देखि निरन्तर	दूर स्वास्थ्य सेवा एवम् अनलाइन परामर्श सेवा प्रदान भएको हुने।	प्रदेशको स्वास्थ्य क्षेत्र हेर्ने मन्त्रालय	अस्पतालहरूबाट दूर स्वास्थ्य सेवाका लागि जनशक्तिको व्यवस्था

क्र.सं.	क्रियाकलाप	जिम्मेवार निकाय	सहयोगी निकाय	समयावधि	सूचक/नतिजा	अनुगमन गर्ने निकाय	जोखिम पक्ष
१.९	लैङ्गिक हिंसा प्रभावितहरूको सेवा सन्तुष्टि सर्वेक्षण गर्ने।	स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय, प्रदेशको स्वास्थ्य क्षेत्र हेर्ने मन्त्रालय	केन्द्र सञ्चालित अस्पतालहरू	आ.व. २०८३/८४	सेवा सन्तुष्टि सर्वेक्षण भएको हुने।	जनसङ्ख्या व्यवस्थापन महाशाखा	
१.१०	एकद्वार सङ्कट व्यवस्थापन केन्द्रलाई दूर चिकित्साजन्य कानुनी परामर्श र मानसिक स्वास्थ्य परामर्श सेवा उपलब्ध गराउन प्रदेश तहमा सम्पर्क विशेषज्ञ तोक्ने।	प्रदेशको स्वास्थ्य क्षेत्र हेर्ने मन्त्रालय	स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय, Medicolegal Society of Nepal	आ.व. २०८२/८३	प्रदेश तहमा सम्पर्क विशेषज्ञ तोकिएको हुनेछ।	जनसङ्ख्या व्यवस्थापन महाशाखा	सबै प्रदेश तहमा सम्बन्धित विशेषज्ञहरूको उपलब्धता
१.११	एकद्वार सङ्कट व्यवस्थापन केन्द्रका सेवा प्रदायकहरूको अनुभव आदान-प्रदान कार्यक्रम सञ्चालन गर्ने।	स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय र प्रदेशको स्वास्थ्य क्षेत्र हेर्ने मन्त्रालय	केन्द्र भएका अस्पतालहरू	प्रत्येक वर्ष	सेवाप्रदायकहरूको अनुभव आदान-प्रदान कार्यक्रम भएको हुने।	जनसङ्ख्या व्यवस्थापन महाशाखा	
२.	<u>प्रतिबद्धता नं. २:</u> लैङ्गिक हिंसाबाट पीडित/प्रभावितहरूको उद्धार, राहत, पुनर्स्थापना, सामाजिक पुनर्मिलन तथा सशक्तीकरणका लागि तीनै तहका						

क्र.सं.	क्रियाकलाप	जिम्मेवार निकाय	सहयोगी निकाय	समयावधि	सूचक/नतिजा	अनुगमन गर्ने निकाय	जोखिम पक्ष
	सरकार र विकास साझेदार संस्था, गैर-सरकारी संस्था तथा अन्य सरोकारवालाहरूबीचको समन्वय, सहकार्य र सहभागितालाई थप सुदृढ गर्ने ।						
२.१	लैङ्गिक हिंसाबाट प्रभावित व्यक्तिलाई आपतकालीन सेवा प्रदान गर्न सबै जिल्लामा हटलाइनको स्थापना र पीडितको समयमै उद्धार गर्ने।	गृह मन्त्रालय (प्रहरी प्रधान कार्यालय)	सञ्चार तथा सूचना प्रविधि मन्त्रालय, प्रदेश सामाजिक विकास मन्त्रालय, सबै स्थानीय तह	आ.व. २०८२/८३ देखि निरन्तर	७७ वटै जिल्लामा आपत्कालीन हटलाइनको स्थापना भएको हुने छ।	गृह मन्त्रालय	गृह मन्त्रालयबाट आवश्यक निर्देशन भएमा।
२.२	एकद्वार सङ्कट व्यवस्थापन केन्द्र स्थापना तथा सञ्चालन निर्देशिकाको परिमार्जन एवम् प्रदेश तहमा लैङ्गिक हिंसा व्यवस्थापनका लागि बहुपक्षीय समितिको गठन गर्न सहजीकरण गर्ने।	स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय	प्रदेशको स्वास्थ्य क्षेत्र हेर्ने मन्त्रालय	आ.व. २०८२/८३	एकद्वार सङ्कट व्यवस्थापन केन्द्र स्थापना तथा सञ्चालन निर्देशिकाको परिमार्जन भएको हुने छ।	जनसङ्ख्या व्यवस्थापन महाशाखा	
२.३	लैङ्गिक हिंसा पीडितहरूको जीविकोपार्जन एवम् पुनर्स्थापनाका लागि सीप विकास तथा क्षमता अभिवृद्धि कार्यक्रम सञ्चालन गर्ने ।	सबै स्थानीय तह, प्रदेश सामाजिक विकास	स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय, श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय, व्यावसायिक तथा सीप	आ.व. २०८२/८३ देखि निरन्तर	तालिमप्राप्त हिंसा पिडितहरूको सङ्ख्या	प्रदेश सामाजिक विकास मन्त्रालय	सबै स्थानीय तहबाट कार्यक्रमको लागि बजेट विनियोजन भएमा।

क्र.सं.	क्रियाकलाप	जिम्मेवार निकाय	सहयोगी निकाय	समयावधि	सूचक/नतिजा	अनुगमन गर्ने निकाय	जोखिम पक्ष
		मन्त्रालय	विकास तालिम केन्द्र (CTEVT), साझेदार संस्था				
२.४	लैगिक हिंसा पिडितको शीघ्र उद्धारका लागि सबै स्थानीय तहमा द्रूत प्रतिकार्य समूह (Rapid Response Team) गठन गर्ने ।	सबै स्थानीय तह	नेपाल प्रहरी, सामुदायिक संस्थाहरू एवम् समूहहरू	आ.व. २०८२/८३	द्रूत प्रतिकार्य समूह गठन भएको हुने छ।	जिल्ला प्रहरी कार्यालय	सबै स्थानीय तहको तत्परता भएमा
२.५	लैङ्गिक सशक्तीकरणसम्बन्धी र लैङ्गिक हिंसा बिरुद्धमा सबै स्थानीय तहमा क्षमता अभिवृद्धि गर्ने।	सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय	प्रदेश सामाजिक विकास मन्त्रालय र सबै स्थानीय तह	आ.व. २०८२/८३ देखि निरन्तर	क्षमता अभिवृद्धि तालिम सञ्चालन गर्ने स्थानीय तहको सङ्ख्या।	सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय	सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट आवश्यक निर्देशन भएमा
२.६	सबै स्थानीय तहमा लैङ्गिक सम्पर्क व्यक्ति तोक्ने।	सबै स्थानीय तह	महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय, प्रदेश सामजिक विकास मन्त्रालय	आ.व. २०८२/८३	सम्पर्क व्यक्ति तोक्ने स्थानीय तहको सङ्ख्या।	महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय	

क्र.सं.	क्रियाकलाप	जिम्मेवार निकाय	सहयोगी निकाय	समयावधि	सूचक/नतिजा	अनुगमन गर्ने निकाय	जोखिम पक्ष
२.७	तीनै तहमा सरकार र सरोकारवाला निकायहरूबीचको समन्वयलाई थप प्रभावकारी बनाउन "लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण समन्वय समिति" को गठन गरी क्रियाशील बनाउने।	स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय	प्रदेशको स्वास्थ्य क्षेत्र हेर्ने मन्त्रालय, सबै स्थानीय तह	आ.व. २०८२/८३	समन्वय समितिको बैठकको निर्णय पुस्तिका	जनसङ्ख्या व्यवस्थापन महाशाखा	
३.	**प्रतिबद्धता नं ३: लैङ्गिक हिंसा रोकथाम र व्यवस्थापनका लागि हिंसा प्रभावित, जोखिममा रहेका र सम्पूर्ण नागरिकहरूलाई एकद्वार सङ्कट व्यवस्थापन केन्द्रद्वारा प्रदान गरिने सेवाको बारेमा जानकारी सहित समुदायमा लैङ्गिक हिंसा विरुद्ध सचेतनामूलक कार्यक्रमबाट सामाजिक व्यवहार परिवर्तन गर्ने।**						
३.१	लैङ्गिक हिंसा र विभेद लगायत हानिकारक परम्परागत प्रचलनहरूको रोकथाम गर्न समुदायस्तरमा सामाजिक परिचालन र लैङ्गिक चेतना अभिवृद्धि कार्यक्रम सञ्चालन गर्ने।	सबै स्थानीय तह	महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय, एकद्वार सङ्कट व्यवस्थापन केन्द्र, सामुदायिक संस्था	आ.व. २०८२/८३ देखि निरन्तर	लैङ्गिक हिंसाविरुद्धका सचेतना कार्यक्रमहरू सञ्चालन भएका हुने छन्।	प्रदेश सामाजिक विकास मन्त्रालय	
३.२	विद्युतीय सञ्चार, छापा माध्यम, सामाजिक सञ्जाल, वैकल्पिक मिडिया र अन्य सञ्चारका	महिला, बालबालिका तथा ज्येष्ठ	स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय, प्रदेशको स्वास्थ्य	आ.व. २०८२/८३	सञ्चार माध्यमहरूबाट सूचनाहरू सम्प्रेषण	प्रदेश सामाजिक विकास	

क्र.सं.	क्रियाकलाप	जिम्मेवार निकाय	सहयोगी निकाय	समयावधि	सूचक/नतिजा	अनुगमन गर्ने निकाय	जोखिम पक्ष
	माध्यमबाट लैङ्गिक हिंसा र विभेदलगायत हानिकारक परम्परागत प्रचलनहरू, यौन तथा प्रजनन स्वास्थ्य अधिकार र एकद्वार सङ्कट व्यवस्थापन केन्द्रका सेवाबारे सूचना सम्प्रेषण गर्ने।	नागरिक मन्त्रालय, एकद्वार सङ्कट व्यवस्थापन केन्द्र	क्षेत्र हेर्ने मन्त्रालय, प्रदेश सामाजिक विकास मन्त्रालय, नेपाल प्रहरी, सबै स्थानीय तह	देखि निरन्तर	भएका हुने छन्।	मन्त्रालय	
३.३	समुदाय तथा विद्यालयमा किशोर किशोरीमैत्री यौन तथा प्रजनन स्वास्थ्य, लैङ्गिक हिंसा र विभेदसम्बन्धी सचेतना कार्यक्रम सञ्चालन गर्ने छौं ।	सबै स्थानीय तह	प्रदेशको स्वास्थ्य क्षेत्र हेर्ने मन्त्रालय, प्रदेश सामाजिक विकास मन्त्रालय, विकास साझेदार संस्था	आ.व.२०८२/८३ देखि निरन्तर	वार्षिक कार्यक्रम तथा बजेटमा समावेश भई सचेतनामूलक कार्यक्रमहरू सञ्चालन भएका हुने छन् ।	प्रदेशको स्वास्थ्य क्षेत्र हेर्ने मन्त्रालय	
३.४	लैङ्गिकता एवम् लैङ्गिक हिंसासम्बन्धी विषय विद्यालय तहको पाठ्यक्रममा समावेश गर्ने ।	शिक्षा, विज्ञान तथा प्रबिधि मन्त्रालय	महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय, स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय	आ.व.२०८३/८४	लैङ्गिकता एवम् लैङ्गिक हिंसासम्बन्धी विषय विद्यालय तहको पाठ्यक्रममा समावेश भएको हुनेछ।	महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय	शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयको तत्परता
३.५	लैङ्गिक हिंसाविरुद्ध वडास्तरीय किशोर/किशोरी	सबै स्थानीय तह	सामुदायिक संस्था	आ.व. २०८२/८३	किशोर/किशोरी समूह/सञ्जाल निर्माण	सबै स्थानीय तह	

क्र.सं.	क्रियाकलाप	जिम्मेवार निकाय	सहयोगी निकाय	समयावधि	सूचक/नतिजा	अनुगमन गर्ने निकाय	जोखिम पक्ष
	समूह निर्माण र परिचालन गर्ने।			देखि निरन्तर	भएको हुनेछ।		
३.६	एकद्वार सङ्कट व्यवस्थापन केन्द्रको बारेमा सूचना, शिक्षा तथा सञ्चारसम्बन्धी सामाग्री तयार गरी वितरण गर्ने।	राष्ट्रिय स्वास्थ्य, शिक्षा, सूचना तथा सञ्चार केन्द्र, सबै अस्पतालहरू	सबै स्थानीय तह, सामुदायिक संस्था/समूह	आ.व. २०८२/८३ देखि निरन्तर	सूचना, शिक्षा तथा सञ्चार सम्बन्धी समग्री तयार भई वितरण भएको हुनेछ।	स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय, प्रदेश स्वास्थ्य क्षेत्र हेर्ने मन्त्रालय	
३.७	एकद्वार सङ्कट व्यवस्थापन केन्द्रको बारेमा डिजिटल प्लेटफर्मबाट जनचेतनामूलक कार्यक्रम सञ्चालन गर्ने।	स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय	सबै स्थानीय तह, केन्द्र भएका अस्पतालहरू	आ.व. २०८२/८३ देखि निरन्तर	डिजिटल प्लेटफर्मबाट जनचेतनामूलक कार्यक्रम प्रशारण/प्रकाशन भएको हुनेछ।	स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय	
३.८	अस्पतालमा लैङ्गिक हिंसा पीडितहरूको गुनासोलाई सम्बोधन गर्न गुनासो सुनुवाइ संयन्त्र स्थापना र सञ्चालन गर्ने।	स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय	प्रदेशको स्वास्थ्य क्षेत्र हेर्ने मन्त्रालय, केन्द्र भएका अस्पतालहरू	आ.व. २०८२/८३	गुनासो सुनुवाइ संयन्त्र स्थापना भई सञ्चालनमा आएको हुनेछ।	स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय	
३.९	लैङ्गिक हिंसासम्बन्धी १६	महिला	जिल्ला प्रहरी	निरन्तर	१६ दिने अभियानको	महिला	

क्र.सं.	क्रियाकलाप	जिम्मेवार निकाय	सहयोगी निकाय	समयावधि	सूचक/नतिजा	अनुगमन गर्ने निकाय	जोखिम पक्ष
	दिने अभियान र अन्तर्राष्ट्रिय अभियानको क्रममा लैङ्गिक हिंसाविरूद्ध सन्देशमूलक, सिर्जनात्मक तथा जनजागरण कार्यक्रम सञ्चालन गर्ने ।	बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय, सबै स्थानीय तह	कार्यालय, एकद्वार सङ्कट व्यवस्थापन केन्द्र, नागरिक समाज, सामुदायिक संस्था		कार्यसूची	बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय	
३.१०	स्थानीय तहका जनप्रतिनिधि तथा कर्मचारीहरूलाई एकद्वार सङ्कट व्यवस्थापन केन्द्रको अवधारणाबारे अभिमुखीकरण गर्ने।	एकद्वार सङ्कट व्यवस्थापन केन्द्र	सम्बन्धित अस्पताल, जिल्ला समन्वय समिति	आ.व. २०८२/८३	अभिमुखीकरण सम्पन्न भएको हुनेछ।	स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय, प्रदेशको स्वास्थ्य क्षेत्र हेर्ने मन्त्रालय	
४.	**प्रतिबद्धता नं. ४:** लैङ्गिक हिंसा पीडित/प्रभावितहरूलाई क्षतिपूर्ति सहितको न्यायमा सहज पहुँच र आवश्यक सुरक्षाको व्यवस्था गर्ने समन्वय एवम् सहजीकरण गर्ने ।						
४.१	लैङ्गिक हिंसा पीडित तथा प्रभावितहरूलाई न्यायमा सहज पहुँच गराउन जानकारी दिने कार्यक्रमहरू सञ्चालन गर्ने।	महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय, सबै स्थानीय	प्रदेश सामाजिक विकास मन्त्रालय, जिल्ला सरकारी वकिल कार्यालय, जिल्ला प्रहरी कार्यालय	आ.व. २०८२/८३ देखि निरन्तर	जानकारीमूलक कार्यक्रममा सञ्चालन भएको हुनेछ।	महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय	

क्र.सं.	क्रियाकलाप	जिम्मेवार निकाय	सहयोगी निकाय	समयावधि	सूचक/नतिजा	अनुगमन गर्ने निकाय	जोखिम पक्ष
		तह					
४.२	लैङ्गिक हिंसा व्यवस्थापन जिल्ला समन्वय समितिमा रहेका सरकारी निकायको कार्यविवरण र कार्यसम्पादन मूल्याङ्कनको मानकमा लैङ्गिक हिंसा व्यवस्थापनमा पुऱ्याएको योगदानलाई समावेश गर्ने ।	सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय	महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय	आ.व. २०८२/८३	जिल्ला समन्वय समितिमा रहेका सरकारी निकायको कार्यविवरण र कार्यसम्पादन मूल्याङ्कन मानकमा लैङ्गिक हिंसा व्यवस्थापनमा पुऱ्याएको योगदानलाई समावेश गरिएको हुने छ।	प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय	प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको सहमति
४.३	लैङ्गिक हिंसा पीडितलाई क्षतिपूर्तिसहितको अदालतका फैसलाहरूको कार्यान्वयन स्थिति प्रतिवेदन तयार गर्ने।	महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय	महान्यायाधिवक्ताको कार्यालय, एकद्वार सङ्कट व्यवस्थापन केन्द्रको	आ.व. २०८२/८३	अदालतका फैसलाहरूको कार्यान्वयन अवस्थाबारेको प्रतिवेदन तयार भएको हुनेछ।		महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयबाट बजेट विनियोजन भएमा
४.४	लैङ्गिक हिंसासम्बन्धी मुद्दाहरूमा क्षतिपूर्ति सहितको	महान्यायाधिवक्ताको	महिला, बालबालिका तथा ज्येष्ठ नागरिक	आ.व. २०८३/८४	प्रतिपादित नजिरहरूको संग्रह प्रकाशन भएको	महिला, बालबालिका तथा	महान्यायाधिवक्ता को कार्यालयबाट

क.सं.	क्रियाकलाप	जिम्मेवार निकाय	सहयोगी निकाय	समयावधि	सूचक/नतिजा	अनुगमन गर्ने निकाय	जोखिम पक्ष
	न्यायबारे प्रतिपादित नजिरहरूको संग्रह प्रकाशन गर्ने।	कार्यालय	मन्त्रालय, विकास साझेदार संस्था		हुनेछ।	ज्येष्ठ नागरिक मन्त्रालय	बजेट विनियोजन भएमा
५.	प्रतिबद्धता नं. ५: एकद्वार सङ्कट व्यवस्थापन केन्द्रद्वारा प्रदान गरिने सेवाको गुणस्तरीयता, प्रभावकारिता, पहुँच एवम् विश्वसनीयता अभिवृद्धि गर्न आवश्यक संरचना, जनशक्ति, वित्तीय स्रोत साधन र पूर्वाधारको सुनिश्चितता गर्ने ।						
५.१	एकद्वार सङ्कट व्यवस्थापन केन्द्र सञ्चालनका लागि सङ्घ तथा प्रदेशबाट आवश्यक वित्तीय स्रोतको व्यवस्था गर्ने।	स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय	प्रदेशको स्वास्थ्य क्षेत्र हेर्ने मन्त्रालय	आ.व. २०८२/८३	वार्षिक कार्यक्रम र बजेटमा समावेश भएको हुनेछ।	जनसङ्ख्या व्यवस्थापन महाशाखा, नर्सिङ्ग तथा सामाजिक सुरक्षा महाशाखा	
५.२	लैङ्गिक उत्तरदायी बजेटको अवधारणालाई कार्यान्वन गर्न सबै स्थानीय तहमा क्षमता अभिवृद्धि कार्यक्रम सञ्चालन गर्ने।	प्रदेश सामाजिक विकास मन्त्रालय	स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय, विकास साझेदार संस्था	आ.व. २०८२/८३ देखि निरन्तर	क्षमता अभिवृद्धि कार्यक्रम सञ्चालन भएको हुनेछ।	सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय	सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले निर्देशन दिएमा
५.३	लैङ्गिक हिंसा पीडितहरूसँग प्रत्यक्ष रूपमा काम गर्ने सबै सेवाप्रदायकहरूलाई	प्रदेशको स्वास्थ्य क्षेत्र हेर्ने मन्त्रालय	प्रदेश सामाजिक विकास मन्त्रालय, सङ्घीय स्वास्थ्य तथा	आ.व. २०८३/८४ देखि निरन्तर	मनोसामाजिक परामर्श तालिम प्रदान भएको हुनेछ।	स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय	

क्र.सं.	क्रियाकलाप	जिम्मेवार निकाय	सहयोगी निकाय	समयावधि	सूचक/नतिजा	अनुगमन गर्ने निकाय	जोखिम पक्ष
	मनोसामाजिक परामर्शसम्बन्धी आधारभूत तालिम प्रदान गर्ने।		जनसङ्ख्या मन्त्रालय र सबै स्थानीय तह				
५.४	एकद्वार सङ्कट व्यवस्थापन केन्द्रमा कार्यरत चिकित्सकहरूलाई मेडिकोलिगलसम्बन्धी तालिम प्रदान गर्ने।	स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय, प्रदेश स्वास्थ्य क्षेत्र हेर्ने मन्त्रालय	अस्पतालहरू	निरन्तर	मेडिकोलिगल सम्बन्धी तालिम सञ्चालन भएको हुनेछ।	जनसङ्ख्या व्यवस्थापन महाशाखा	
५.५	लैंगिक हिंसा रोकथाम तथा हिंसा पीडितहरूलाई आवश्यक प्रेषण गर्न महिला स्वास्थ्य स्वयंसेविकाहरूलाई परिचालन गर्ने।	सबै स्थानीय तह	स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय, प्रदेशको स्वास्थ्य क्षेत्र हेर्ने मन्त्रालय	आ.व. २०८२/८३	लैंगिक हिंसा रोकथाम तथा हिंसा पीडितहरूलाई आवश्यक प्रेषण गर्न महिला स्वास्थ्य स्वयंसेविकाहरूलाई परिचालन गरिएको हुनेछ।	नर्सिङ्ग तथा सामाजिक सुरक्षा महाशाखा	
५.६	एकद्वार सङ्कट व्यवस्थापन केन्द्रको सुदृढीकरणका लागि मामला व्यवस्थापकको	स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय	प्रदेशको स्वास्थ्य क्षेत्र हेर्ने मन्त्रालय, स्थानीय तह,	आ.व. २०८२/८३ –	परिमार्जित निर्देशिकामा मामला व्यवस्थापकको	जनसङ्ख्या व्यवस्थापन महाशाखा	

क्र.सं.	क्रियाकलाप	जिम्मेवार निकाय	सहयोगी निकाय	समयावधि	सूचक/नतिजा	अनुगमन गर्ने निकाय	जोखिम पक्ष
	प्रावधान लागू गर्ने।		केन्द्र रहेका अस्पताल	२०८४/८५	प्रावधान गरिएको हुनेछ।		
५.७	मामला व्यवस्थापकको कार्यविधि निर्माण गर्ने।	स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय	विकास साझेदार संस्था	आ.व. २०८२/८३	मामला व्यवस्थापकको कार्यविधि निर्माण भएको हुनेछ।	जनसङ्ख्या व्यवस्थापन महाशाखा	
६.	**प्रतिबद्धता नं. ६: एकद्वार सङ्कट व्यवस्थापन केन्द्रको कार्यक्षमता सुदृढीकरणका लागि सबै जिल्लाहरूमा सुरक्षित आवास गृह र प्रदेश तहमा समावेशी पुनर्स्थापना केन्द्रको स्थापना र सञ्चालन गर्ने ।**						
६.१	लैङ्गिक हिंसा पीडितहरूका लागि सुरक्षित आवास गृह सञ्चालन नभएका जिल्लाहरूमा सुरक्षित आवास गृह सञ्चालन गर्न समन्वय एवम् सहजीकरण गर्ने।	महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय, प्रदेश सामाजिक विकास मन्त्रालय	गृह मन्त्रालय, स्थानीय तह	आ.व. २०८३/८४ – २०८४/८५	लैङ्गिक हिंसा पीडितहरुका लागि सुरक्षित आवासगृह सञ्चालनका लागि आवश्यक समन्वय भएको हुनेछ।	प्रदेश सामाजिक विकास मन्त्रालय	स्थानीय तह र महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयबाट बजेट विनियोजन भएमा
६.२	सातवटै प्रदेशमा अपाङ्गता समावेशी एवम् मानसिक	महिला, बालबालिका	प्रदेश सामाजिक विकास मन्त्रालय,	आ.व. २०८२/८३	समावेशी पुनर्स्थापना केन्द्र सञ्चालनका	प्रदेश सामाजिक विकास	महिला, बालबालिका तथा

क्र.सं.	क्रियाकलाप	जिम्मेवार निकाय	सहयोगी निकाय	समयावधि	सूचक/नतिजा	अनुगमन गर्ने निकाय	जोखिम पक्ष
	स्वास्थ्य समस्या भएका पीडितहरूलाई समेत सेवा दिने गरी दीर्घकालीन पुनर्स्थापना केन्द्र स्थापना तथा सञ्चालन गर्न समन्वय एवम् सहजीकरण गर्ने।	तथा ज्येष्ठ नागरिक मन्त्रालय	स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय, अस्पतालहरू	– २०८३/८४	लागि प्रदेशहरुसँग आवश्यक समन्वय भएको हुनेछ।	मन्त्रालय	ज्येष्ठ नागरिक मन्त्रालयबाट बजेट विनियोजन भएमा
६.३	पुनर्स्थापना केन्द्र र सुरक्षित आवास गृह स्थापना तथा सञ्चालनसम्बन्धी मापदण्ड परिमार्जन गर्न सहजीकरण गर्ने।	महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय	प्रदेश सामाजिक विकास मन्त्रालय	आ.व. २०८३/८४	पुनर्स्थापना केन्द्र र आवास गृह सञ्चालनसम्बन्धी परिपार्जित मापदण्ड स्वीकृत भएको हुनेछ।	महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय	
७.	प्रतिबद्धता नं. ७: लैङ्गिक हिंसाको अवस्था एवम् पीडितको व्यवस्थापन सम्बन्धमा आवश्यक अध्ययन र तथ्याङ्कको विश्लेषण गरी नीति, योजना तथा कार्यक्रम तर्जुमा गर्ने ।						
७.१	एकद्वार सङ्कट व्यवस्थापन केन्द्रको राष्ट्रिय मूल्याङ्कन गर्ने र प्राप्त सिफारिसहरूका आधारमा आवश्यक कार्यक्रम तर्जुमा गर्ने।	स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय	महिला, बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालय, प्रदेशको स्वास्थ्य क्षेत्र हेर्ने मन्त्रालय, प्रदेश सामाजिक विकास	आ.व. २२०८२/८३ - २०८३/८४	एकद्वार सङ्कट व्यवस्थापन केन्द्रको राष्ट्रिय मूल्याङ्कन गर्ने र प्राप्त सिफारिसहरूका आधारमा आवश्यक	नीति, योजना तथा अनुगमन महाशाखा, स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय	

क्र.सं.	क्रियाकलाप	जिम्मेवार निकाय	सहयोगी निकाय	समयावधि	सूचक/नतिजा	अनुगमन गर्ने निकाय	जोखिम पक्ष
			मन्त्रालय, स्थानीय तह, केन्द्र रहेका अस्पतालहरू, विकास साझेदार संस्था		कार्यक्रम तर्जुमा भएको हुनेछ।		
७.२	एकद्वार सङ्कट व्यवस्थापन केन्द्रको संस्थागत लेखाजोखा तथा विश्लेषण गर्ने।	स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय	महिला बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय, प्रदेशको स्वास्थ्य क्षेत्र हेर्ने मन्त्रालय, स्थानीय तह, विकास साझेदार संस्था	आ.व. २०८३/८४	एकद्वार सङ्कट व्यवस्थापन केन्द्रको संस्थागत विश्लेषण भएको हुनेछ।	जनसङ्ख्या व्यवस्थापन महाशाखा	
७.३	वार्षिक रूपमा न्यूनतम सेवा मापदण्ड र सामाजिक परिक्षणद्वारा एकद्वार सङ्कट व्यवस्थापन केन्द्रको सेवा प्रभावकारीताको मूल्याङ्कन गर्ने।	स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय र प्रदेशको स्वास्थ्य क्षेत्र हेर्ने मन्त्रालय	प्रदेश सामाजिक विकास मन्त्रालय, सबै स्थानीय तह, केन्द्र भएका अस्पतालहरू	आ.व. २०८२/८३ देखि निरन्तर	न्यूनतम सेवा मापदण्ड र सामाजिक परिक्षण मूल्याङ्कन गरिएको हुनेछ।	गुणस्तर मापन तथा नियन्त्रण महाशाखा	
७.४	लैङ्गिक हिंसा तथा एकद्वार सङ्कट व्यवस्थापन केन्द्रसम्बन्धी अनुभवहरूको	स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय	महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय, राष्ट्रिय	आ.व. २०८२/८३ देखि प्रत्येक	नीति बहस सञ्चालन भएको हुनेछ।	जनसङ्ख्या व्यवस्थापन महाशाखा	

क्र.सं.	क्रियाकलाप	जिम्मेवार निकाय	सहयोगी निकाय	समयावधि	सूचक/नतिजा	अनुगमन गर्ने निकाय	जोखिम पक्ष
	आदान प्रदानका लागि बिषय विज्ञहरूको समूह निर्माण गरी नीति बहस संचालन गर्ने।		महिला आयोग, महान्यायाधिवक्ताको कार्यालय, प्रहरी प्रधान कार्यालय, विकास साझेदार संस्था, गैर सरकारी संस्थाहरू	बर्ष			
८.	प्रतिबद्धता नं. ८: लैङ्गिक हिंसा पीडितहरूको उद्धार, राहत तथा पुनर्स्थापनासहितको एकीकृत सेवा प्रदान गर्न समुदायस्तरदेखि सबै स्थानीय, जिल्ला,प्रदेश र सङ्घीय तहसम्म आवश्यक प्रेषण प्रणाली विकास गरी कार्यान्वयनमा ल्याउने।						
८.१	लैङ्गिक हिंसा पीडित/प्रभावितहरूलाई आवश्यक सेवाहरू सहज रूपमा उपलब्ध गराउन बहुपक्षीय प्रेषण प्रणाली विकास गरी सोको सञ्चालन कार्यविधि (SOP) तयार गर्ने।	प्रदेश सामाजिक विकास मन्त्रालय, सबै स्थानीय तह	महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय, स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय, विकास साझेदार संस्था	आ.व. २०८२/८३	बहुपक्षीय प्रेषण प्रणाली निर्माण भएको हुने छ।	महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय	
८.२	लैङ्गिक हिंसा पीडित तथा प्रभावितहरूलाई सहज रूपमा सेवाहरू प्रदान गर्न जिल्ला तहमा बहुपक्षीय प्रेषण	स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय, प्रदेशको	प्रदेश सामाजिक विकास मन्त्रालय, सबै अस्पतालहरू, जिल्ला प्रहरी	आ.व. २२०८२/८३ - २०८३/८४	प्रेषण प्रणाली सम्बन्धी अनुशिक्षण कार्यक्रम सञ्चालन भएको हुने छ।	जनसङ्ख्या व्यवस्थापन महाशाखा	

क्र.सं.	क्रियाकलाप	जिम्मेवार निकाय	सहयोगी निकाय	समयावधि	सूचक/नतिजा	अनुगमन गर्ने निकाय	जोखिम पक्ष
	प्रणाली कार्यविधिसम्बन्धी अनुशिक्षण गर्ने ।	स्वास्थ्य क्षेत्र हेर्ने मन्त्रालय	कार्यालय, सरकारी वकिलको कार्यालय, सुरक्षित आवास गृह र पुनर्स्थापना केन्द्र				
८.३	सातवटै प्रदेशमा लैङ्गिक हिंसा व्यवस्थापन गर्न आकस्मिक हटलाइन सेवा सञ्चालन गर्ने।	प्रदेश प्रहरी कार्यालय	प्रदेश सामाजिक विकास मन्त्रालय, सबै स्थानीय तह	निरन्तर	विद्यमान हटलाइन सेवाको प्रभावकारी रुपमा कार्यान्वयन भएको हुनेछ।	प्रहरी प्रधान कार्यालय	
९	<u>प्रतिबद्धता नं. ९:</u> लैङ्गिक हिंसा पीडित/प्रभावितहरूको जीविकोपार्जन, पुनर्स्थापना तथा सम्मानजनक जीवनयापन सुनिश्चितताका लागि सबै स्थानीय तहको योगदानबाट सञ्चालन हुने गरी सबै जिल्लाहरूमा "जिल्लास्तरीय लैङ्गिक हिंसा निवारण कोष" को स्थापना गरी सोको प्रभावकारी परिचालन गर्न समन्वय एवम् सहजीकरण गर्ने।						
९.१	लैङ्गिक हिंसा पीडितलाई जीविकोपार्जन एवम् पुनर्स्थापनामा सहयोग पुऱ्याउन सबै जिल्लाहरूमा रहेको लैङ्गिक हिंसा निवारण कोषको प्रभावकारी कार्यान्वयन गर्ने।	जिल्ला समन्वय समिति र सबै स्थानीय तह	महिला, बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालय, प्रदेस सामाजिक विकास मन्त्रालय, विकास साझेदार संस्था	आ.व. २०८२/८३-२०८३/८४	लैङ्गिक हिंसा निवारण कोष स्थापना भएका जिल्लाहरूको सङ्ख्या	महिला, बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालय	सबै स्थानीय तहको तत्परता भएमा
९.२	अस्थायी शिविरहरूमा रहेका	प्रदेश	महिला, बालबालिका	आ.व.	लैङ्गिक हिंसा निवारण	प्रदेश सामाजिक	

क्र.सं.	क्रियाकलाप	जिम्मेवार निकाय	सहयोगी निकाय	समयावधि	सूचक/नतिजा	अनुगमन गर्ने निकाय	जोखिम पक्ष
	लगायत अन्य लैङ्गिक हिंसा पीडित/प्रभावितहरूको व्यवस्थापनका लागि लैङ्गिक हिंसा निवारण कोषमा सहज पहुँच हुने व्यवस्था गर्ने।	सामाजिक विकास मन्त्रालय	तथा ज्येष्ठ नागरिक मन्त्रालय	२०८३/८४	लैङ्गिक हिंसा निवारण कोषको प्रभावकारी परिचालन भएको हुनेछ।	विकास मन्त्रालय	
१०	प्रतिबद्धता नं. १०: अपाङ्गता भएका, यौनिक अल्पसंख्यक, एच्.आई.भी. सङ्क्रमित र अन्य जोखिममा रहेका समुदायका हिंसा पीडित/प्रभावित व्यक्तिहरूको सेवामा पहुँच सुनिश्चित गर्न आवश्यक पूर्वाधार एवम् मानवीय स्रोतको व्यवस्था गर्ने।						
१०.१	अदालत तथा स्थानीय तहका न्यायिक समितिहरूमा दोभाषे तथा साङ्केतिक भाषा सहयोगी तथा सहजकर्ताहरूको व्यवस्था गर्न समन्वय एवम् सहजीकरण गर्ने।	कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालय, सबै स्थानीय तह	महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय, प्रदेश सामाजिक विकास मन्त्रालय	आ.व.२०८३ /८४	दोभाषे तथा साङ्केतिक भाषा सहयोगी तथा सहजकर्ताहरूको व्यवस्था भएको हुनेछ	महान्यायाधिवक्ताको कार्यालय	
१०.२	अपाङ्गता भएका व्यक्ति, यौनिक अल्पसंख्यक, एच्.आई.भी. सङ्क्रमित र अन्य जोखिममा रहेका समूहहरूको अधिकार र हिंसा पीडितलाई उपलब्ध	महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय	प्रदेश सामाजिक विकास मन्त्रालय, सबै स्थानीय तह, जिल्ला प्रहरी कार्यालय, सबै अस्पतालहरू	आ.व . २०८२/८३ देखि निरन्तर	समुदायमा स्तरमा सचेतनामूलक कार्यक्रमको सञ्चालन भएको हुनेछ।	महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय	

क्र.सं.	क्रियाकलाप	जिम्मेवार निकाय	सहयोगी निकाय	समयावधि	सूचक/नतिजा	अनुगमन गर्ने निकाय	जोखिम पक्ष
	सेवाहरूका बारेमा समुदायमा सचेतनामूलक अभियानहरू सञ्चालन गर्ने।						
१०.३	अपाङ्गता समावेशी स्वास्थ्य सेवाका लागि राष्ट्रिय निर्देशिका, २०७६ का आधारमा सेवाप्रदायकहरूका लागि क्षमता विकास कार्यक्रम सञ्चालन गर्ने।	स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय	प्रदेश सामाजिक विकास मन्त्रालय	आ.व. २०८३/८४	क्षमता विकास तालिम प्रदान भएको हुनेछ।	जनसङ्ख्या व्यवस्थापन महाशाखा	

९. कार्यान्वयन गर्ने निकायहरूको भूमिका तथा जिम्मेवारी

९१. जिम्मेवार निकायको भूमिका

प्रस्तुत कार्ययोजनामा तोकिएका क्रियाकलापहरू कार्यान्वयन गर्न प्रमुख रूपमा जिम्मेवार रहने निकायहरूलाई जवाफदेही हुने गरी कार्ययोजना तयार गरिएको छ। त्यसरी जिम्मेवारी तोकिएका निकायले समन्वय गरी आवश्यकतानुसार सहयोगी निकायको समेत सहयोग लिई कार्ययोजनामा उल्लिखित क्रियाकलापहरूको कार्यान्वयन गरिनेछ। सङ्घीय तहका मुख्य जिम्मेवार निकायहरूमा सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय, महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय, महान्यायाधिवक्ताको कार्यालय र प्रहरी प्रधान कार्यालय रहेका छन्।

त्यसैगरी प्रदेश तहमा मुख्य जिम्मेवार निकायहरूमा स्वास्थ्य क्षेत्र हेर्ने मन्त्रालय, सामाजिक विकास मन्त्रालय, सबै स्थानीय तहहरू र जिल्लामा एकद्वार सङ्कट व्यवस्थापन केन्द्रसंग सम्बन्धित संस्था तथा कार्यालयहरू रहेका छन्। कार्ययोजनाले निर्दिष्ट गरेका उद्देश्यहरू हासिल गर्न जिम्मेवार निकायका काम, कर्तव्य र अधिकार निम्नबमोजिम निर्धारण गरिएका छन् :

क) सम्बन्धित क्रियाकलापहरू कार्यान्वयन गर्न मुख्य उत्तरदायित्व लिने।

ख) नीति/कानुन तर्जुमा वा परिमार्जन गर्नुपर्ने भएमा त्यसको नेतृत्व लिने।

ग) आवश्यक स्रोत साधन बन्दोबस्त गर्ने, गराउने।

घ) दुई वा सोभन्दा बढी निकायहरूको संलग्नता हुने भएमा ती निकायहरूबीच समन्वय तथा सहकार्य गर्ने, गराउने।

ङ) कार्यान्वयनका क्रममा देखिएका बाधा अड्चनहरु पहिचान गरी सहजीकरण मार्फत् समाधान गर्ने।

९२. सहयोगी निकायको भूमिका

प्रस्तुत कार्ययोजनामा तोकिएका क्रियाकलाप कार्यान्वयन गर्न प्रमुख जिम्मेवार निकाय तोकिनुका साथै ती क्रियाकलापहरूको प्रभावकारी रुपले कार्यान्वयन गर्न सहयोगी निकाय समेत पहिचान गरिएको छ। तोकिएका क्रियाकलाप कार्यान्वयन गर्न जिम्मेवार निकायले सहयोगी निकायसँग सहयोग माग गर्नुपर्ने छ। सहयोगी निकायका काम, कर्तव्य र अधिकार देहायबमोजिम निर्धारण गरिएका छन्:

क) सम्बन्धित क्रियाकलापहरू कार्यान्वयन गर्न जिम्मेवार निकायलाई सहयोग पुर्याउने।

ख) जिम्मेवार निकायको अनुरोधबमोजिम आवश्यक स्रोत साधन र विशेषज्ञता उपलब्ध गराउने।

ग) जिम्मेवार निकाय समक्ष सम्बन्धित क्रियाकलापको सम्बन्धमा कुनै प्रस्ताव वा अनुरोध गर्न सक्ने।

घ) सहयोग गर्ने निकायको कार्य क्षेत्रसंग सम्बन्धित अन्य कार्य गर्ने।

१०. जोखिम पक्ष

यस कार्ययोजनाको कार्यान्वयन गर्ने दायित्व तीनै तहका सरकारहरू, सम्बन्धित बहुक्षेत्रीय निकायहरूलगायत अन्य सरोकारवाला निकायहरूको समेत रहेकोले कार्यान्वयनका क्रममा देखा पर्न सक्ने निम्नबमोजिमका जोखिमहरू पहिचान गरिएका छन् :

क) सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, महिला बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालय र गृह मन्त्रालय (प्रहरी प्रधान कार्यालय) लैङ्गिक हिंसा पीडितहरूलाई एकद्वारबाट सेवा प्रवाह गर्न यस राष्ट्रिय कार्ययोजनामा तोकिएका कार्यक्रमहरू कार्यान्वयन गर्नका लागि आवश्यक नीतिगत व्यवस्था, मार्गदर्शन र बजेट विनियोजन गर्न तत्पर रहने छन्।

ख) प्रदेशमा स्वास्थ्य क्षेत्र हेर्ने मन्त्रालय र प्रदेश सामाजिक विकास मन्त्रालयका लागि यस राष्ट्रिय कार्ययोजनामा जिम्मेवारी तोकिएका क्रियाकलापहरूमा ती मन्त्रालयहरू बजेट विनियोजन गर्न तत्पर रहने छन्।

ग) यस राष्ट्रिय कार्ययोजनामा तोकिएका क्रियाकलापहरू कार्यान्वयन गर्न सङ्घ, प्रदेश र स्थानीय तह एक-आपसमा आवश्यक समन्वय र सहकार्य गर्न तत्पर रहने छन्।

घ) स्थानीय तहहरू यस राष्ट्रिय कार्ययोजनामा तोकिएका क्रियाकलापहरू कार्यान्वयन गर्नका लागि आवश्यक बजेट विनियोजन गर्न तत्पर रहने छन्।

११. अनुगमन तथा मूल्याङ्कन व्यवस्था

११.१ नियमित अनुगमन

यस राष्ट्रिय कार्ययोजनामा तोकिएका क्रियाकलापहरूको नियमित अनुगमनबाट कार्यान्वयन स्थिति थाहा पाउन र कार्यान्वयनका क्रममा देखिएका समस्याको पहिचान गरी त्यसको निराकरणका लागि समयमै पहल गर्न सहज हुन्छ । अतः प्रस्तुत कार्ययोजनामा रहेका हरेक क्रियाकलापको अनुगमन

गर्ने निकाय निश्चित गरिएको छ । ती निकायले हरेक क्रियाकलापको नियमित र आकस्मिक अनुगमन गर्नेछन् । अनुगमन गर्ने सिलसिलामा क्रियाकलाप कार्यान्वयन स्थिति, कार्यान्वयनका क्रममा देखिएका समस्याको पहिचान, ती समस्या निराकरण गर्न अवलम्बन गर्नुपर्ने उपाय, हासिल भएको प्रगति, क्रियाकलाप कार्यान्वयनका लागि स्रोत साधनको उपलब्धताको बारेमा जाँच गरी आवश्यक निर्देशन दिन सक्ने छन् । यसरी प्राप्त हुने निर्देशन कार्यान्वयनका लागि प्रमुख जिम्मेवार निकाय तथा सहयोगी निकायमा पठाइने छ। प्रमुख जिम्मेवार निकाय र सहयोगी निकायले त्यस्तो निर्देशनको पालना गर्नेछन्।

११.२ आवधिक समीक्षा

हरेक वर्ष सङ्घीय तहमा स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले प्रस्तुत कार्ययोजनाको बहुपक्षीय प्रगति समीक्षा गरी प्राप्त सुझावका आधारमा आगामी वर्षका लागि परिमार्जित कार्यक्रम र रणनीति तय गर्नेछन्। स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले समीक्षाबाट प्राप्त सुझावहरूसहित परिमार्जित कार्यक्रम र रणनीतिबारे सम्बन्धित प्रेदश मन्त्रालय र स्थानीय तहलाई जानकारी गर्नेछन्।

प्रत्येक वर्ष प्रदेश तहमा स्वास्थ्य क्षेत्र हेर्ने मन्त्रालयले प्रस्तुत कार्ययोजनाको बहुपक्षीय प्रगति समीक्षा गरी प्राप्त सुझाव र सङ्घीय स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयबाट प्राप्त सुझावहरूका आधारमा आगामी वर्षको क्रियाकलापहरू र कार्यान्वयन रणनीति निर्माण गर्नेछन्। त्यसैगरी हरेक वर्ष स्थानीय तहले प्रस्तुत कार्ययोजना कार्यान्वयनका लागि खेलेको भूमिका र पुऱ्याएको योगदानबारे स्थानीय तहमा बहुपक्षीय समीक्षा गरी प्राप्त सुझावका साथै सङ्घ एवम् प्रदेश तहबाट प्राप्त सुझाबहरूका आधारमा आगामी वर्षका लागि क्रियाकलापहरू र कार्यक्रम कार्यान्वयन रणनीति तय गर्नेछन्।

१२. अवधि

यस कार्ययोजनाको अवधि आ.व. २०८२/८३ देखि २०८६/८७ सम्म पाँच वर्षको हुने छ।

अनुसूची

अनुसूची – १: सम्मेलनले पारित गरेका प्रतिबद्धताहरू

एकद्वार सङ्कट व्यवस्थापन केन्द्रको प्रथम राष्ट्रिय सम्मेलनले जारी गरेको प्रतिबद्धता-पत्र

नेपालको संविधानद्वार प्रत्याभूत समानता, मानव अधिकार तथा सामाजिक न्यायको हकलाई आत्मसात् गर्दै नेपाल सरकार स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयको आयोजनामा एकद्वार सङ्कट व्यवस्थापन केन्द्र (OCMC) सञ्चालनको एक दशक पूरा भएको सन्दर्भमा सबै संवैधानिक निकायहरू, सङ्घीय मन्त्रालयहरू, आयोगहरू, नेपाल प्रहरी, महान्यायाधिवक्ताको कार्यालय, स्वास्थ्य र सामाजिक विषयसँग सरोकार राख्ने प्रदेश मन्त्रालयहरू, स्थानीय तह, स्थानीय तहका सङ्घ, महासङ्घ, राष्ट्रव्यापी रूपमा सञ्चालनमा रहेका एकद्वार सङ्कट व्यवस्थापन केन्द्रका प्रमुख, सम्पर्कव्यक्ति, विकास साझेदार संस्था, गैर-सरकारी र निजी संघ संस्था, सञ्चार क्षेत्र, नागरिक समाज, पुनर्स्थापना केन्द्र, सुरक्षित आवास गृह, मानसिक स्वास्थ्यको क्षेत्रमा कार्यरत निकायहरूसमेतको सहभागितामा मिति २०८१ साल कार्तिक २९ र ३० गते काठमाडौंमा आयोजना गरिएको "एकद्वार सङ्कट व्यवस्थापन केन्द्रको राष्ट्रिय सम्मेलन" मा हामी संयुक्त रूपमा निम्नबमोजिमका विषयहरू कार्यान्वयन गर्न प्रतबद्धता व्यक्त गर्दछौं :

<u>प्रतिबद्धता नं. १:</u> सबै प्रकारका लैङ्गिक हिंसा एवम् विभेदको रोकथाम तथा हिंसाबाट पीडित/प्रभावितहरूलाई एकद्वारबाट गुणस्तरीय, सहज पहुँचयुक्त, नि:शुल्क र समावेशी सेवाको सुनिश्चितता गर्ने छौं।

<u>प्रतिबद्धता नं. २:</u> लैङ्गिक हिंसाबाट पीडित/प्रभावितहरूको उद्धार, राहत, पुनर्स्थापना, सामाजिक पुनर्मिलन तथा सशक्तीकरणका लागि तीनै तहका सरकार र विकास साझेदार संस्था, गैर-सरकारी संस्था तथा अन्य सरोकारवालाहरूबीचको समन्वय, सहकार्य र सहभागितालाई थप सुदृढ गर्ने छौं।

<u>प्रतिबद्धता नं ३:</u> लैङ्गिक हिंसा रोकथाम र व्यवस्थापनका लागि हिंसा प्रभावित, जोखिममा रहेका र सम्पूर्ण नागरिकहरूलाई एकद्वार सङ्कट व्यवस्थापन केन्द्रद्वारा प्रदान गरिने सेवाको बारेमा जानकारीसहित समुदायमा लैङ्गिक हिंसाविरुद्ध सचेतनामूलक कार्यक्रमबाट सामाजिक व्यवहार परिवर्तन गर्ने छौं।

<u>प्रतिबद्धता नं. ४:</u> लैङ्गिक हिंसा पीडित/प्रभावितहरूलाई क्षतिपूर्तिसहितको न्यायमा सहज पहुँच र आवश्यक सुरक्षाको व्यवस्था गर्ने छौं।

<u>प्रतिबद्धता नं. ५:</u> एकद्वार सङ्कट व्यवस्थापन केन्द्रद्वारा प्रदान गरिने सेवाको गुणस्तरीयता, प्रभावकारिता, पहुँच एवम् विश्वसनीयता अभिवृद्धि गर्न आवश्यक संरचना, जनशक्ति, वित्तीय स्रोत साधन र पूर्वाधारको सुनिश्चितता गर्ने छौं।

प्रतिबद्धता नं. ६: एकद्वार सङ्कट व्यवस्थापन केन्द्रको कार्यक्षमता सुदृढीकरणका लागि सबै जिल्लाहरूमा सुरक्षित आवास गृह र प्रदेश तहमा समावेशी पुनर्स्थापना केन्द्रको स्थापना र सञ्चालन गर्ने छौं।

प्रतिबद्धता नं. ७: लैङ्गिक हिंसाको अवस्था एवम् पीडितको व्यवस्थापन सम्बन्धमा आवश्यक अध्ययन र तथ्याङ्कको विश्लेषण गरी नीति, योजना तथा कार्यक्रम तर्जुमा गर्नेछौं।

प्रतिबद्धता नं. ८: लैङ्गिक हिंसा पीडितहरूको उद्धार, राहत तथा पुनर्स्थापनासहितको एकीकृत सेवा प्रदान गर्न समुदायस्तरदेखि सबै स्थानीय, जिल्ला, प्रदेश र सङ्घीय तहसम्म आवश्यक प्रेषण प्रणाली विकास गरी कार्यान्वयनमा ल्याउने छौं।

प्रतिबद्धता नं. ९: लैङ्गिक हिंसा पीडित/प्रभावितहरूको जीविकोपार्जन, पुनर्स्थापना तथा सम्मानजनक जीवनयापन सुनिश्चितताका लागि सबै स्थानीय तहको योगदानबाट सञ्चालन हुने गरी सबै जिल्लाहरूमा "जिल्लास्तरीय लैङ्गिक हिंसा निवारण कोष" को स्थापना गरी सोको प्रभावकारी परिचालन गर्ने छौं।

प्रतिबद्धता नं. १०: अपाङ्गता भएका, यौनिक अल्पसंख्यक, एच.आई.भी. सङ्क्रमित र अन्य जोखिममा रहेका समुदायका हिंसा पीडित/प्रभावित व्यक्तिहरूको सेवामा पहुँच सुनिश्चित गर्न आवश्यक पूर्वाधार एवम् मानवीय स्रोतको व्यवस्था गर्ने छौं।